त्रिभुवन विश्वविद्यालय

# कानून संकाय, डीनको कार्यालय,

बल्खु, काठमाण्डौं

## एलएल.एम तहको प्रवेश परीक्षाको लागि Online आवेदन फाराम भर्ने सम्बन्धी सूचना

(शैक्षिक सत्र २०८१/०८२)

त्रिभुवन विश्वविद्यालय, कानून संकाय, डीनको कार्यालय अन्तर्गत संचालित सिमेष्टर प्रणालीमा ४ सेमेष्टर (२ वर्षे) र ६ सेमेष्टर (३ बर्षे) एलएल.एम.तहको कार्यक्रमको प्रथम सेमेष्टरमा नयाँ विद्यार्थीहरु भर्ना हुनका लागी त्रि.वि.को आङ्गिक क्याम्पसहरु मध्ये **नेपाल ल क्याम्पस, प्रदर्शनीमार्ग, काठमाण्डौमा ४ सेमेष्टर दिवा समय समुहको लागि ५० र ६ सेमेष्टर विहान समय समुहको लागि ५० जना**, तथा **पृथ्वीनारायण क्याम्पस, पोखरामा ६ सेमेष्टर विहान समय समुहको लागि ३५ जना, तथा त्रि.वि.को सम्बन्धन प्राप्त नेशनल ल कलेज दिवा समय समुहको लागि ५० जना** गरी जम्मा १८५ (**एक सय पचासी**) सिटहरु निर्धारित गरिएकोले **शैक्षिक सत्र २०८१।०८२ मा** प्रथम सेमेष्टरमा नयाँ विद्यार्थीहरु भर्नाका लागि लिइने प्रवेश परीक्षामा उत्तिर्ण परीक्षार्थीहरु मध्ये (प्रवेश परीक्षामा ४० अंक प्राप्त गरेका) बाट योग्यताक्रमका आधारमा भर्नाका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका परीक्षार्थीहरुका लागि प्रवेश परीक्षाको Online आवेदन माग गरिएको छ।

आवेदकले Online Application मा आवेदन फाराम भर्दा तोकिएको ढाँचामा अनिवार्य रुपमा Online आवेदन फाराम साथ आफनो शैक्षिक योग्यताको लब्धाङ्क पत्र, नागरिकताको प्रमाण पत्र, समकक्षता निर्धारणको प्रमाण-पत्र (Equivalance Certificate) र हालसालै खिचेको दुबै कान स्पस्ट देखिने पासपोर्ट साइजको फोटो थान १ र आवेदकको हस्ताक्षरको नमुना सादा कागजमा Scanning गरी upload गर्नुपर्नेछ। साथै आरक्षण कोटा अन्तर्गत आवेदन दिन चाहने आवेदकहरुले सम्बन्धित कोटा दावीका लागि आवश्यक पर्ने कागजातहरु वा सिफारीस पत्रहरु समेत संलग्न गर्नुपर्नेछ।

| | | |
|---|---|---|
| १) | **आवश्यक न्यूनतम शैक्षिक योग्यता:** | प्रवेश परीक्षा फाराम भर्ने अन्तिम मितिसम्ममा कानून विषयमा स्नातक तह वा सो सरहको परीक्षा उतीर्ण गरी सकेको **Transcript,** चारित्रीक प्रमाण **पत्र लगायत शैक्षिक योग्यता तथा नेपाली नागरिकताको** प्रमाण पत्रको आवश्यक कागजातहरु अनलाईन अपलोड गरी आवेदन फाराम भर्न सक्नेछन् |
| २) | **आवेदन फाराम र प्रवेश परीक्षा शुल्क:** | **प्रवेश परीक्षा शुल्क रु.१८००/- (अक्षेरेपीः एक हजार आठ सय मात्र)** तोकिएको छ। सो रकम आवेदन भर्ने स्थानमा रहेको e-sewa वा Khalti वा Connect IPS को माध्यमबाट **कानून संकाय, डीनको कार्यालयको नाममा रहेको नेपाल बैंक लिमिटेडको खाता नम्बर २१७००१००१९२४३४००००१ मा** जम्मा गर्न सकिनेछ। रकम दाखिला गर्दा आवेदक स्वयम्को पुरा नाम र मोबाइल नम्बर अनिवार्य लेखिएको हुनु पर्ने छ। **एकै मोबाइल नम्बरमा एक भन्दा बढी आवेदकको नाममा रकम जम्मा गर्न पाइने छैन।** |

सहायक डीन
कानून संकाय
त्रिभुवन विश्वविद्यालय

| | | |
|---|---|---|
| ३) | **आवेदन फाराम उपलब्ध हुने स्थानः** | Online आवेदन फाराम त्रि.वि.कानून संकाय डीनको कार्यायको वेभसाइट www.fol.edu.np मा उपलब्ध हुनेछ । **उक्त वेभसाइटमा भरिएको फाराम पेश भए नभएको एकिन गर्न** www.fol.edu.np **को** Check your status **मा हेर्न सकिनेछ ।** |
| ४) | **आवेदन फाराम भर्ने अवधिः** | **मिति २०८२ कार्तिक २० गते विहिबारदेखि २०८२ मंसिर ०५ गते शुक्रबार राती १२:०० बजेसम्म र दोब्बर दस्तुर तिरी २०८२ मंसिर ०६ गते शनिबार देखि २०८२ मंसिर १२ गते शुक्रबार राती १२:०० बजे सम्म ।** |
| ५) | **प्रवेश पत्र प्राप्त गर्न सकिनेः** | **मिति २०८२ मंसिर २१ गते आइतबार दिनको ४:०० बजे पछि** www.fol.edu.np मार्फत Check your status बाट download गर्न सकिनेछ । |
| ६) | **प्रवेश परीक्षा हुने मिति र समयः** | **मिति २०८२ साल मंसिर २७ गते शनिबार** |
| ७) | **प्रवेश परीक्षाको परीक्षा केन्द्र र समय** | पछि प्रकाशित गरिनेछ । |

८) **क)** एलएल.एम.कार्यक्रममा त्रि.वि. सिमेष्टर प्रणाली सञ्चालन विनियम, २०७४ र त्रि.वि. अन्तर्गतका आङ्गिक क्याम्पसमा आरक्षण सम्वन्धि सिटमा भर्ना गर्ने सम्बन्धि विनियम, २०७४ बमोजिम विपन्न वर्गका लागि आरक्षित स्थान **सहित त्रि.वि.को आंगिक क्याम्पस नेपाल ल क्याम्पस, काठमाडौमा दिवा समय समूहको एलएल.एम. (चार सिमेष्टर) कार्यक्रममा ५० जना** तथा **बिहानी समय समूहको एलएल.एम. (छ सिमेष्टर) कार्यक्रममा ५० जना र त्रि. वि.को आंगिक क्याम्पस पृथ्वीनारायण क्याम्पस, पोखरामा बिहानी समय समूहको एलएल.एम.(छ सिमेष्टर) कार्यक्रममा ३५ जना** तथा त्रि.वि.बाट **सम्बन्धन प्राप्त क्याम्पस नेशनल ल कलेज, सानेपा, ललितपुरमा दिवा समय समूहको एलएल.एम. (चार सिमेष्टर) कार्यक्रममा** ५० जना गरी जम्मा **१८५** जनालाई प्रवेश परीक्षाको एकिकृत रुपमा प्रकाशित योग्यताक्रम (Merit List) अनुसारको नतिजाको आधारमा मात्र विद्यार्थी भर्ना लिइनेछ ।

**ख)** कुनै विदेशी विद्यार्थी स्नातकोत्तर तहमा अध्ययन गर्न चाहेमा खुला प्रतिस्पर्धाका आधारमा स्वदेशी विद्यार्थी सरह सोही प्रवेश परीक्षामा सामेल भई योग्यताक्रम भित्र परेमा निर्धारित सिट संख्याको ५% मा नवढ्नेगरी तोकिएको शुल्क लिई सम्बन्धित क्याम्पसले भर्ना गर्न सक्नेछ ।

९) प्रवेश परीक्षा विधिशास्त्र विषयमा मात्र लिइने भएको हुनाले कानून स्नातक तहको विधिशास्त्रको पाठ्यक्रम नै प्रवेश परीक्षाको पाठ्यक्रम हुनेछ ।

१०) प्रवेश परीक्षामा कूल पूर्णाङ्क १०० को अंकभार देहाय बमोजिम रहनेछ ।

| क.सं. | प्रश्नको प्रकृति | प्रश्न संख्या तथा अंकभार | जम्मा अंकभार |
|---|---|---|---|
| १. | वस्तुगत बहुत्तर प्रश्नहरु (Jurisprudence) (Objective Questions-MCQ) | ५०×१ | ५० |
| २. | विषयगत लामो उत्तर प्रश्न (Jurisprudence) | १×२० | २० |
| ३. | विषयगत छोटो उत्तर प्रश्न (Jurisprudence) | २×५ | १० |
| ४. | रचनात्मक लेख (Creative Writing) (Contemproray Issues) | १×२० | २० |
| | | **जम्मा पूर्णाङ्क** | **१००** |

११) **त्रि.वि.संगठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम २०५०** (२०८०।०३।१२ सम्मको संशोधन सहित) को परिच्छेद-४ नियम ११क. र **त्रि.वि.सिमेष्टर प्रणाली संचालन विनियम २०७४ तथा त्रि.वि. अन्तर्गतका आङ्गिक क्याम्पसमा आरक्षण सम्बन्धि सिटमा भर्ना गर्ने सम्बन्धि विनियम, २०७४** बमोजिम त्रिभुवन विश्वविद्यालयले निर्धारित गरेको संख्यामा विद्यार्थीहरू भर्ना गर्दा प्रत्येक शैक्षिक कार्यक्रम अन्तर्गतका विषयमा जम्मा सिट संख्याको २० प्रतिशत निम्नलिखित वर्गहरुका लागि छुट्याईएका निम्नलिखित सिट संख्यामा सम्बन्धित वर्गका परीक्षार्थीहरू बिचको प्रतिस्पर्धाको आधारमा योग्यताक्रम अनुसार भर्ना लिनु पर्ने व्यवस्था अनुसार निम्न बमोजिमको आरक्षित कोटा २० प्रतिशतलाई शत् प्रतिशत मानि निम्न बमोजिम कोटा निर्धारण गरिएको छ। तर वर्गीकृत समूहमा भर्नाका लागि न्यूनतम ४० (चालिस) अंक प्राप्त गरेका योग्य उम्मेदवार नभएमा योग्यताक्रममा रहेका (खुला तर्फका) अन्य विद्यार्थी भर्ना लिनु पर्नेछ।

त्रिभुवन विश्वविद्यालय सेवामा कार्यरत स्थायी शिक्षक, कर्मचारीका छोराछोरीहरुलाई त्रि.वि.,कानून संकाय अन्तर्गत आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसमा अध्ययन गर्न स्नातकोत्तर तहका प्रत्येक शैक्षिक कार्यक्रममा भर्नाको लागि सुरक्षीत स्थानलाई ८०% भित्रै रहेको मानिनेछ।

| विपन्न समुदाय | आरक्षित सिट संख्याको प्रतिशत | चार सिमेष्टर (५० जनाको दिवा) समुह आरक्षीत सिट संख्या प्रति क्याम्पस लागि आरक्षित संख्या १० | छ सिमेष्टर समुह (५० जनाको विहानी) समुह आरक्षीत सिट संख्या नेपाल ल क्याम्पस १० | छ सिमेष्टर समुह (३५ जनाको विहानी) समुह आरक्षीत सिट संख्या पृथ्वीनारायण क्याम्पस ७ |
|---|---|---|---|---|
| क) महिला | २० प्रतिशत | २ | २ | १ |
| ख) आदिवासी/जनजाति | १६ प्रतिशत | १ | १ | १ |
| ग) मधेशी | १४ प्रतिशत | १ | १ | १ |
| घ) दलित | ९ प्रतिशत | १ | १ | १ |

| | | | | |
|---|---|---|---|---|
| ङ) अपाङ्गता भएका व्यक्ति | ९ प्रतिशत | १ | १ | १ |
| च) पिछडिएको दुर्गम क्षेत्र | ७ प्रतिशत | १ | १ | १ |
| छ) मुस्लिम | ७ प्रतिशत | १ | १ | १ |
| ज) थारु | १० प्रतिशत | १ | १ | - |
| झ) अन्य (लैङ्गिक तथा यौनिक अल्पसंख्यक र आर्थिक रूपले विपन्न खस आर्य) | ८ प्रतिशत | १ | १ | - |
| जम्मा आरक्षित सिट | | १० | १० | ७ |
| त्रि.वि.मा कार्यरत स्थायी शिक्षक तथा कर्मचारीको छोरा/छोरी | | १ | १ | १ |

**स्पष्टिकरण १ : परिभाषा**

- **"अन्य"** भन्नाले अल्पसंख्यक, सिमान्तकृत, पिछडा वर्ग, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र आर्थिक रुपले विपन्न खस आर्यलाई जनाउँछ ।
- **"विपन्न खस आर्य"** भन्नाले सम्बन्धित जिल्ला प्रशासन कार्यालयले विपन्न खस आर्य हो भनि सिफारिस वा प्रमाणित गरेको विपन्न खस आर्यलाई जनाउँछ ।
- **"खस आर्य"** भन्नाले क्षेत्री, ब्राम्हण, ठकुरी, सन्यासी (दसनामी) समुदायलाई जनाउँछ ।
- **"पिछडिएको दुर्गम क्षेत्र"** भन्नाले मुगु, हुम्ला, जुम्ला, कालीकोट, डोल्पा, अछाम, बझाङ्ग, बाजुरा र जाजरकोट जिल्लालाई जनाउँछ ।

**स्पष्टीकरण २: विपन्न वर्गका परीक्षार्थीले आरक्षणमा भर्ना पाउने प्राथमिकता क्रम**

- आदिवासी/जनजाति विद्यार्थीहरुका हकमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानद्वारा गरिएको वर्गीकरण अनुरुप प्राथमिकता क्रमको टप टु बटम (Top to Bottom) को आधारमा ।
- मधेशी विद्यार्थीहरुका हकमा पिछडिएको समुदाय जिल्ला समन्वय समिति (गठन तथा कार्यसञ्चालन) कार्यविधि, २०७१ को अनुसुचीको वर्गिकरणमा परेका विद्यार्थीहरुलाई अन्य मधेसी भन्दा पहिलो प्राथमिकताका आधारमा ।
- अपाङ्गता भएका विद्यार्थीहरु मध्ये छनौट गर्नु पर्दा निलो, पहेलो र सेतो परिचय पत्र अनुसार प्राथमिकताका आधारमा निर्धारण गरिनेछ जसका लागि छुट्टै सिफारिस पेश गर्नुपर्ने छैन ।
- "अन्य"को हकमा अल्पसंख्यक, सिमान्तकृत, पिछडावर्ग, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र आर्थिक रुपले विपन्न खस आर्यको उत्कृष्ट अंक ल्याउनेलाई योग्यताक्रमका आधारमा भर्ना गर्नु पर्नेछ ।

त्रिभुवन विश्वविद्यालय
कानून संकाय
डीनको कार्यालय

स्पष्टीकरण ३ :

- विश्वविद्यालय सेवामा कार्यरत स्थायी शिक्षक, कर्मचारीका छोराछोरीलाई अध्ययन संस्थान र संकाय अन्तर्गत आङ्गिक क्याम्पसमा अध्ययन गर्न स्नातक तथा स्नातकोत्तर तहका प्रत्येक शैक्षिक कार्यक्रममा भर्नाको लागि सिटको व्यवस्था गर्नुपर्ने आधारमा ।

१२) Online आवेदन फाराम भर्दा निम्न लिखित Scan गरिएका कागजपत्रहरु क्रमबद्ध रुपमा अनिवार्य रुपमा पेश गर्नुपर्नेछः

क) हालसालै खिचेको पासपोर्ट साइजको फोटो १(एक) प्रति

ख) नेपाली नागरिकताको प्रमाण पत्र

ग) SEE/SLC वा सो सरहको परीक्षाको उर्तीण भएको लब्धाङ्क पत्र (Mark Sheet)

घ) प्रमाणपत्र तह/10+2 उर्तीण भएको लब्धाङ्क पत्र (Transcript)

ङ) प्रमाणपत्र तह/10+2 राष्ट्रिय परीक्षा बोर्ड (नेपाल सरकार) बाहेक अन्य बोर्ड बाट उत्तिर्ण भएको भएमा समकक्षता निर्धारणको प्रमाणपत्र ।

च) कानून स्नातक तह वा सो सरह उत्तीर्ण भएको ट्रान्सक्रिप्ट ।

छ) त्रि. वि.वाहेकका स्वदेशी वा विदेशी विश्वविद्यालय/शिक्षण संस्थाहरुबाट स्नातक तह वा सो सरहको शैक्षिक योग्यता अध्ययन गरेको भए त्रि.वि.को समकक्षता प्रमाण पत्र ।

ज) कोटाहरुमा आवेदन दिन चाहेमा सम्बन्धित कोटाहरुको प्रमाणपत्र वा सिफारिस पत्र

झ) विद्यार्थी स्वयमको हस्ताक्षर

ञ) त्रि. वि.वाहेकका स्वदेशी वा विदेशी विश्वविद्यालय/शिक्षण संस्थाहरुबाट स्नातक तह वा सो सरहको शैक्षिक योग्यता उत्तीर्ण गरेको परीक्षार्थीहरुले **त्रि.वि.को समकक्षता प्रमाण-पत्र (Equivalence Certificate),** सम्बन्धित विश्वविद्यालय/शिक्षण संस्थाको सक्कल **माइग्रेसन प्रमाण-पत्र** र सो को प्रमाणित प्रतिलिपि एक/एक प्रति भर्ना हुँदाका बखत सम्बन्धित क्याम्पसमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

ट) **त्रि.वि. संगठन तथा शैक्षिक प्रशासन नियम, २०५०, सिमेष्टर प्रणाली सञ्चालन विनियम, २०७४ र त्रि.वि. अन्तर्गतका आङ्गिक क्याम्पसमा आरक्षण सम्बन्धी सिटमा भर्ना गर्ने सम्बन्धि विनियम, २०७४** बमोजिम आरक्षण दावी गर्ने विपन्न वर्गका परीक्षार्थीहरुले निम्न बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ । सो बमोजिमका कागजात आवेदन फारामका साथ पेश नगर्ने परीक्षार्थीको आरक्षण कोटामा दावी लाग्ने छैन ।

**अ) आरक्षण दावी गर्ने अपाङ्ग वाहेकका अन्य सबै समुहका विपन्न वर्गको हो भन्ने परीक्षार्थीहरुले सम्बन्धित गाउँपालीका वा नगरपालिकाले विपन्नको कारण खुलाईएको सिफारिश पेश गर्नु पर्नेछ । साथै निजले कक्षा ८, ९ र एस.एल.सी/एस.ई.ई कक्षा ११ र १२ नेपाल सरकारको सरकारी वा सामुदायिक विद्यालयमा अध्ययन गरेको सम्बन्धित**



सहायक डीन
कानून संकाय
त्रिभुवन विश्वविद्यालय

जिल्ला शिक्षा समन्वय इकाइको सिफारीस पत्र साथै एलएल.बी. वा बि.ए.एलएल.बी अध्ययन गरेका परीक्षार्थीहरुको हकमा उक्त तहमा भर्ना हुँदा पेश गरेको लब्धाँक पत्र र एल.एल.बी. अध्ययन गरेको परीक्षार्थीहरुको हकमा एल.एल.बी. अध्ययन गर्नु पुर्वको स्नातक तह वा सो सरह उतीर्ण गरेको क्याम्पस/कलेज समेत नेपाल सरकारको आँगिक क्याम्पस वा सामुदायीक क्याम्पस भएको ब्यहोराको सम्बन्धीत क्याम्पसको सिफारीस पत्र ।

आ) नेपाल सरकारको छात्रवृत्ति प्राप्त गरी नेपाल भित्रका निजी स्कूल तथा कलेजमा कक्षा ८, ९, एस.एल.सी/एस.ई.ई., कक्षा ११- १२ र स्नातक तहसम्म वा सो सरह पास गरेको भए सोको प्रमाण सहितको सम्बन्धित निकायको सिफारिसपत्र ।

इ) पिछडिएको दुर्गम क्षेत्रको आरक्षण कोटा दावि गर्ने आवेदकले सोही क्षेत्रमा कक्षा ८, ९, १०, ११ र १२ मा सरकारी/सामुदायीक विद्यालय अध्ययन गरेको भन्ने सम्बन्धित स्थानीय निकायको सिफारिस पत्र पेश गर्नुपर्नेछ । सम्बन्धित गाऊँपालिका वा नगरपालीकाको सिफारीस पेश गर्दा निजले दरखास्त दिंदाका बखत सोही स्थानमा स्थायी बसोबास गरेको भनी प्रमाणीत गरेको हुनु पर्नेछ र त्यस्तो व्यक्तिले पिछडिएको दुर्गम क्षेत्रमा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरेको नेपाली नागरिकताको प्रमाणपत्र समेत पेश गर्नु पर्नेछ ।

ई) उपरोक्त उल्लेख गरिएका कागजातसाथ आरक्षणमा दावी गर्ने उम्मेदवारले Online Application मा नै भर्ना हुन चाहेको कोटामा अनिवार्य रुपमा Click गरी निम्न बमोजिमको सिफारीस पत्र Upload गर्नु पर्नेछ ।

| क्र.सं. | आरक्षण कोटा | सिफारीस प्रदान गर्ने निकाय |
|---|---|---|
| क | अपाङ्ग | राष्ट्रिय अपाङ्ग महासंघ/सम्बन्धित जिल्ला प्रशासन कार्यालय |
| ख | आदिबासी/जनजाती | आदिबासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान/सम्बन्धित जिल्ला प्रशासन कार्यालय |
| ग | दलित | राष्ट्रिय दलित आयोग/सम्बन्धित जिल्ला प्रशासन कार्यालय |
| घ | पिछडिएको दुर्गम क्षेत्र | सम्बन्धित गाउँपालिका/नगरपालिका बाट प्राप्त सिफारिसपत्र । |
| ङ | मधेसी | सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारीस पत्र |
| च | मुश्लीम | सम्बन्धित जिल्ला प्रशासन कार्यालय |
| छ | विपन्न खस आर्य | सम्बन्धित जिल्ला प्रशासन कार्यालय |
| ज | अन्य अन्तर्गतका अल्पसंख्यक, सिमान्तकृत, पिछडा वर्ग, लैङ्गिक यौनिक तथा अल्पसंख्यक र आर्थिक रुपले विपन्न खस आर्य | सम्बन्धित जिल्ला प्रशासन कार्यालय |

सहायक डीन
कानून संकाय
त्रिभुवन विश्वविद्यालय

| | | |
|---|---|---|
| झ | शिक्षक/कर्मचारी | शिक्षक/कर्मचारी कोटामा दावी गर्ने परिक्षार्थीले त्रि.वि.को **स्थायी सेवामा कार्यरत** सम्बन्धित शिक्षक/कर्मचारीको छोराछोरी हो भन्ने प्रमाणित हुने गरी सम्बन्धित कार्यालयले गरिदिएको सिफारिस पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ। |

| आरक्षीत कोटाका लागि | पेश गर्नुपर्ने कागजातहरु |
|---|---|
| **क) महिला** | • सम्बन्धित स्थानिय निकायबाट बिपन्न बर्ग भएको कारण खुलाएको हालसालैको सिफारीस पत्र ।<br>• कक्षा ८, ९, १०, ११ र १२ सामुदायिक स्कूलमा अध्ययन गरेको भन्ने जिल्ला शिक्षा समन्वय एकाईको सिफारीस पत्र ।<br>• आवेदकको नागरिकताको प्रमाण पत्र<br>• एस.एल.सी. को certificate को स्क्यान प्रति ।<br>• कक्षा १२ को Transcript certificate को स्क्यान प्रति ।<br>• कानून स्नातक तह वा सो सरह उतीर्ण भएको Transcript certificate को स्क्यान प्रति ।<br>• एल.एल.बी. अध्ययन गरेको परीक्षार्थीहरुको हकमा एल.एल.बी. अध्ययन गर्नु पुर्वको स्नातक तह उतीर्ण गरेको उक्त क्याम्पस/कलेज नेपाल सरकारको आँगिक क्याम्पस वा सामुदायीक क्याम्पस भएको व्यहोराको सम्बन्धीत क्याम्पसको सिफारीस पत्र समेत पेश गर्नु पर्नेछ ।<br>• सम्बन्धित व्यक्तिको हस्ताक्षरको स्क्यान प्रति ।<br>• सम्बन्धित व्यक्तिको हालसालै खिचिएको फोटो । |
| **ख) आदिवासी/जनजाति** | • सम्बन्धित स्थानिय निकायबाट बिपन्न बर्ग भएको कारण खुलाएको हालसालैको सिफारीस पत्र ।<br>• आदिवासी/जनजाति बर्गको व्यक्ति भएको सिफारीस पत्र ।<br>• कक्षा ८, ९, १०, ११ र १२ सामुदायिक स्कूलमा अध्ययन गरेको भन्ने जिल्ला शिक्षा समन्वय एकाईको सिफारीस पत्र ।<br>• आवेदकको नागरिकताको प्रमाण पत्र<br>• एस.एल.सी. को certificate को स्क्यान प्रति ।<br>• कक्षा १२ को Transcript certificate को स्क्यान प्रति ।<br>• कानून स्नातक तह वा सो सरह उतीर्ण भएको Transcript certificate को स्क्यान प्रति ।<br>• एल.एल.बी. अध्ययन गरेको परीक्षार्थीहरुको हकमा एल.एल.बी. अध्ययन गर्नु पुर्वको स्नातक तह उतीर्ण गरेको उक्त क्याम्पस/कलेज नेपाल सरकारको आँगिक क्याम्पस वा सामुदायीक क्याम्पस भएको व्यहोराको सम्बन्धीत क्याम्पसको सिफारीस पत्र समेत पेश गर्नु पर्नेछ ।<br>• सम्बन्धित व्यक्तिको हस्ताक्षरको स्क्यान प्रति ।<br>• सम्बन्धित व्यक्तिको हालसालै खिचिएको फोटो । |

| | |
|---|---|
| ग) मधेशी | • सम्वन्धित स्थानिय निकायबाट बिपन्न बर्ग भएको कारण खुलाएको हालसालैको सिफारीस पत्र ।<br>• मधेशी बर्गको ब्यक्ति भएको सिफारीस पत्र ।<br>• कक्षा ८, ९, १०, ११ र १२ सामुदायिक स्कूलमा अध्ययन गरेको भन्ने जिल्ला शिक्षा समन्वय एकाईको सिफारीस पत्र ।<br>• आवेदकको नागरिकताको प्रमाण पत्र<br>• एस.एल.सी. को certificate को स्क्यान प्रति ।<br>• कक्षा १२ को Transcript certificate को स्क्यान प्रति ।<br>• कानून स्नातक तह वा सो सरह उतीर्ण भएको Transcript certificate को स्क्यान प्रति ।<br>• एल.एल.बी. अध्ययन गरेको परीक्षार्थीहरुको हकमा एल.एल.बी. अध्ययन गर्नु पुर्वको स्नातक तह उतीर्ण गरेको उक्त क्याम्पस/कलेज नेपाल सरकारको आँगिक क्याम्पस वा सामुदायीक क्याम्पस भएको ब्यहोराको सम्बन्धीत क्याम्पसको सिफारीस पत्र समेत पेश गर्नु पर्नेछ ।<br>• सम्बन्धित ब्यक्तिको हस्ताक्षरको स्क्यान प्रति ।<br>• सम्बन्धित ब्यक्तिको हालसालै खिचिएको फोटो । |
| घ) दलित | • सम्बन्धित स्थानिय निकायबाट बिपन्न बर्ग भएको कारण खुलाएको हालसालैको सिफारीस पत्र ।<br>• दलित बर्गको ब्यक्ति भएको सिफारीस पत्र ।<br>• कक्षा ८, ९, १०, ११ र १२ सामुदायिक स्कूलमा अध्ययन गरेको भन्ने जिल्ला शिक्षा समन्वय एकाईको सिफारीस पत्र ।<br>• आवेदकको नागरिकताको प्रमाण पत्र<br>• एस.एल.सी. को certificate को स्क्यान प्रति ।<br>• कक्षा १२ को Transcript certificate को स्क्यान प्रति ।<br>• कानून स्नातक तह वा सो सरह उतीर्ण भएको Transcript certificate को स्क्यान प्रति ।<br>• एल.एल.बी. अध्ययन गरेको परीक्षार्थीहरुको हकमा एल.एल.बी. अध्ययन गर्नु पुर्वको स्नातक तह उतीर्ण गरेको उक्त क्याम्पस/कलेज नेपाल सरकारको आँगिक क्याम्पस वा सामुदायीक क्याम्पस भएको ब्यहोराको सम्बन्धीत क्याम्पसको सिफारीस पत्र समेत पेश गर्नु पर्नेछ ।<br>• सम्बन्धित ब्यक्तिको हस्ताक्षरको स्क्यान प्रति ।<br>• सम्बन्धित ब्यक्तिको हालसालै खिचिएको फोटो । |
| ङ) अपाङ्गता भएको ब्यक्ति | • राष्ट्रिय अपाङ्ग महासंघबाट जारी भएको कार्ड<br>• आवेदकको नागरिकताको प्रमाण पत्र,<br>• एस.एल.सी.को Certificate को स्क्यान प्रति ।<br>• कक्षा १२ को Transcript certificate को स्क्यान प्रति ।<br>• कानून स्नातक तह वा सो सरह उतीर्ण भएको Transcript certificate को स्क्यान प्रति ।<br>• सम्बन्धित ब्यक्तिको हस्ताक्षरको स्क्यान प्रति ।<br>• सम्बन्धित ब्यक्तिको हालसालै खिचिएको फोटो । |

| | |
|---|---|
| च) पिछडिएको दुर्गम क्षेत्र | • सम्बन्धित स्थानिय निकायबाट बिपन्न बर्ग भएको कारण खुलाएको हालसालैको सिफारीस पत्र ।<br>• पिछडीएको दुर्गम क्षेत्रमा स्थायी बसोबास रहेको ब्यक्ति भन्ने स्थानिय निकायको सिफारीस पत्र ।<br>• कक्षा ८, ९, १०, ११ र १२ सामुदायिक स्कूलमा अध्ययन गरेको भन्ने जिल्ला शिक्षा समन्वय एकाईको सिफारीस पत्र ।<br>• आवेदकको नागरिकताको प्रमाण पत्र<br>• एस.एल.सी. को certificate को स्क्यान प्रति ।<br>• कक्षा १२ को Transcript certificate को स्क्यान प्रति ।<br>• कानून स्नातक तह वा सो सरह उतीर्ण भएको Transcript certificate को स्क्यान प्रति ।<br>• एल.एल.बी. अध्ययन गरेको परीक्षार्थीहरुको हकमा एल.एल.बी. अध्ययन गर्नु पुर्वको स्नातक तह उतीर्ण गरेको उक्त क्याम्पस/कलेज नेपाल सरकारको आँगिक क्याम्पस वा सामुदायीक क्याम्पस भएको व्यहोराको सम्बन्धीत क्याम्पसको सिफारीस पत्र समेत पेश गर्नु पर्नेछ ।<br>• सम्बन्धित ब्यक्तिको हस्ताक्षरको स्क्यान प्रति ।<br>• सम्बन्धित ब्यक्तिको हालसालै खिचिएको फोटो । |
| छ) मुस्लिम | • सम्बन्धित स्थानिय निकायबाट बिपन्न बर्ग भएको कारण खुलाएको हालसालैको सिफारीस पत्र ।<br>• मुस्लिम समुहको ब्यक्ति भएको सिफारीस पत्र ।<br>• कक्षा ८, ९, १०, ११ र १२ सामुदायिक स्कूलमा अध्ययन गरेको भन्ने जिल्ला शिक्षा समन्वय एकाईको सिफारीस पत्र ।<br>• आवेदकको नागरिकताको प्रमाण पत्र<br>• एस.एल.सी. को certificate को स्क्यान प्रति ।<br>• कक्षा १२ को Transcript certificate को स्क्यान प्रति ।<br>• कानून स्नातक तह वा सो सरह उतीर्ण भएको Transcript certificate को स्क्यान प्रति ।<br>• एल.एल.बी. अध्ययन गरेको परीक्षार्थीहरुको हकमा एल.एल.बी. अध्ययन गर्नु पुर्वको स्नातक तह उतीर्ण गरेको उक्त क्याम्पस/कलेज नेपाल सरकारको आँगिक क्याम्पस वा सामुदायीक क्याम्पस भएको व्यहोराको सम्बन्धीत क्याम्पसको सिफारीस पत्र समेत पेश गर्नु पर्नेछ ।<br>• सम्बन्धित ब्यक्तिको हस्ताक्षरको स्क्यान प्रति ।<br>• सम्बन्धित ब्यक्तिको हालसालै खिचिएको फोटो । |
| ज) थारु | • सम्बन्धित स्थानिय निकायबाट बिपन्न बर्ग भएको कारण खुलाएको हालसालैको सिफारीस पत्र ।<br>• थारु समुहको ब्यक्ति भएको सिफारीस पत्र ।<br>• कक्षा ८, ९, १०, ११ र १२ सामुदायिक स्कूलमा अध्ययन गरेको भन्ने जिल्ला शिक्षा समन्वय एकाईको सिफारीस पत्र ।<br>• आवेदकको नागरिकताको प्रमाण पत्र<br>• एस.एल.सी. को certificate को स्क्यान प्रति ।<br>• कक्षा १२ को Transcript certificate को स्क्यान प्रति ।<br>• कानून स्नातक तह वा सो सरह उतीर्ण भएको Transcript certificate को स्क्यान प्रति । |

सहायक डीन
संकाय
विश्वविद्यालय

| | |
|---|---|
| त्रिभुवन विश्वविद्यालय कानून संकाय डीनको कार्यालय | • एल.एल.बी. अध्ययन गरेको परीक्षार्थीहरुको हकमा एल.एल.बी. अध्ययन गर्नु पुर्वको स्नातक तह उतीर्ण गरेको उक्त क्याम्पस/कलेज नेपाल सरकारको आँगिक क्याम्पस वा सामुदायीक क्याम्पस भएको व्यहोराको सम्बन्धीत क्याम्पसको सिफारीस पत्र समेत पेश गर्नु पर्नेछ ।<br>• सम्बन्धित व्यक्तिको हस्ताक्षरको स्क्यान प्रति ।<br>• सम्बन्धित व्यक्तिको हालसालै खिचिएको फोटो । |
| **झ) अन्य (लैङ्गिक तथा यौनिक अल्पसंख्यक र आर्थिक रूपले विपन्न खस आर्य)** | • सम्बन्धित स्थानिय निकायबाट बिपन्न बर्ग भएको कारण खुलाएको हालसालैको सिफारीस पत्र ।<br>• अन्य (लैंगिकक तथा यौनिक अल्पसंख्यक र आर्थिक रूपले विपन्न खस आर्य) व्यक्ति भएको सिफारीस पत्र ।<br>• कक्षा ८, ९, १०, ११ र १२ सामुदायिक स्कूलमा अध्ययन गरेको भन्ने जिल्ला शिक्षा समन्वय एकाईको सिफारीस पत्र ।<br>• आवेदकको नागरिकताको प्रमाण पत्र<br>• एस.एल.सी. को certificate को स्क्यान प्रति ।<br>• कक्षा १२ को Transcript certificate को स्क्यान प्रति ।<br>• कानून स्नातक तह वा सो सरह उतीर्ण भएको Transcript certificate को स्क्यान प्रति ।<br>• एल.एल.बी. अध्ययन गरेको परीक्षार्थीहरुको हकमा एल.एल.बी. अध्ययन गर्नु पुर्वको स्नातक तह उतीर्ण गरेको उक्त क्याम्पस/कलेज नेपाल सरकारको आँगिक क्याम्पस वा सामुदायीक क्याम्पस भएको व्यहोराको सम्बन्धीत क्याम्पसको सिफारीस पत्र समेत पेश गर्नु पर्नेछ ।<br>• सम्बन्धित व्यक्तिको हस्ताक्षरको स्क्यान प्रति ।<br>• सम्बन्धित व्यक्तिको हालसालै खिचिएको फोटो । |
| **त्रि.वि.को स्थायी शिक्षक/कर्मचारीको छोरा/छोरी** | • त्रि.वि.को **स्थायी सेवामा कार्यरत** सम्बन्धित शिक्षक/कर्मचारीको छोराछोरी हो भन्ने प्रमाणित हुने गरी सम्बन्धित क्याम्पस/कलेजले गरिदिएको सिफारिस पत्र ।<br>• आवेदकको नागरिकताको प्रमाण पत्र,<br>• एस.एल.सी. को certificate को स्क्यान प्रति ।<br>• कक्षा १२ को Transcript certificate को स्क्यान प्रति ।<br>• कानून स्नातक तह वा सो सरह उतीर्ण भएको Transcript certificate को स्क्यान प्रति ।<br>• त्रि. वि.वाहेकका स्वदेशी वा विदेशी विश्वविद्यालय/शिक्षण संस्थाहरुबाट स्नातक तह वा सो सरहको शैक्षिक योग्यता अध्ययन गरेको भए त्रि.वि.को समकक्षता प्रमाण पत्र<br>• सम्बन्धित व्यक्तिको हस्ताक्षरको स्क्यान प्रति ।<br>• सम्बन्धित व्यक्तिको हालसालै खिचिएको फोटो । |

ठ) आरक्षण कोटामा दावी गर्ने परीक्षार्थीहरुले भर्ना हुनका लागि प्रवेश परीक्षामा कम्तिमा ४०% अंक प्राप्त गरेको हुनुपर्नेछ ।

ड) आरक्षण कोटामा दावि गर्ने परीक्षार्थीले त्रिभुवन विश्वविद्यालय वा अन्य कुनै पनि आङ्गिक क्याम्पसमा एकै समयमा कुनै पनि तह र कुनै पनि विषयमा आरक्षण कोटा प्राप्त नगरेको हुनु पर्नेछ । साथै कुनै परीक्षार्थीले अन्य विषयमा स्नातक तहमा आरक्षण प्राप्त गरी सो तह अध्ययन गरेको भए आरक्षण सुविधा प्राप्त गर्ने छैन।

सहायक डीन
कानून संकाय
त्रिभुवन विश्वविद्यालय

त्रिभुवन विश्वविद्यालय कानून संकाय डीनको कार्यालय

ढ) आरक्षण कोटामा दावी गर्ने परीक्षार्थीले झुठो विवरण पेश गरी आरक्षण सुविधा लिई भर्ना भएको प्रमाणित भएमा त्यस्तो भर्ना स्वतः रद्द गरी कानून बमोजिम कारवाही हुनेछ ।

ण) आरक्षण कोटामा सुविधा पाई भर्ना हुन सफल परीक्षार्थीहरुले पनि खुल्ला तर्फका परीक्षार्थीहरुले सरह भर्ना हुन लाग्ने सबै शुल्क तिर्नु पर्नेछ ।

१३) प्रवेश परीक्षाको समयावधि ३ घण्टाको हुनेछ । परीक्षा शुरु भएको आधा घण्टापछि प्रवेश पाइने छैन ।

१४) प्रवेश परीक्षाको माध्यम अंग्रेजी वा नेपाली दुबै हुन सक्नेछ तर रचनात्मक लेख (Creative Writing) अनिवार्यरुपमा अंग्रेजी (English) भाषामा लेख्नु पर्ने छ ।

१५) परीक्षार्थीहरुले उत्तरपुस्तिकामा कालो मसी मात्र प्रयोग गर्नु पर्नेछ । कालो मसी बाहेक आंशिक वा पुरा रुपमा अन्य रङ्को मसी वा सिसाकलम प्रयोग गरेको, कुनै संकेत भएको, बस्तुगत प्रश्नको उत्तरपुस्तिकामा तोकिएको बक्समा तोकिएको रेजा √ चिन्ह बाहेक अन्य चिन्ह प्रयोग भएको वा पोतिएको पाईएमा पुरै उत्तरपुस्तिका परीक्षण गरिने छैन ।

१६) परीक्षार्थीहरुले आवेदन फाराम भर्नु पूर्व यो सूचना तथा आवेदन फाराममा उल्लेखित निर्देशनहरु ध्यानपूर्वक अध्ययन गरेर मात्र फाराम भर्नु पर्नेछ । तोकिए बमोजिम फाराम नभरी व्यहोरा तलमाथि भएमा सो को जिम्मेवारी सम्बन्धित परीक्षार्थी स्वयं हुनुपर्नेछ । रीत नपुगेको **साथै नपुग कागजातहरु पछि पेश गर्ने शर्तमा आवेदन फारम स्वीकार गरिने छैन ।**

१७) **चार सिमेष्टर एलएल.एम.कार्यक्रमको कक्षा दिवा समुहमा र छ सिमेष्टर एलएल.एम. कार्यक्रमको कक्षा विहानी समुहमा** सञ्चालन हुनेछ । दिवा समुह भन्नाले नेपाल सरकारले तोकेको कार्यालय समय **पुर्वान्ह दश बजे देखी अपरान्ह पाँच बजे (कार्तिक १६ गते देखी माघ १५ गते सम्म पुर्वान्ह दश बजे देखी अपरान्ह चार बजे**) सम्मको समयलाई जनाउनेछ ।

१८) प्रवेश परीक्षाको नतिजा प्रकाशित गर्दा दुबै कार्यक्रमका लागि प्रवेश परीक्षामा हासिल गरेको अंकको योग्यताक्रम (Merit List) को आधारमा आरक्षण कोटा समेत खुल्ने गरी कम्तिमा ४० प्रतिशत र सो भन्दा माथि अंक प्राप्त गर्ने सम्पूर्ण परीक्षार्थीहरुको प्राप्तांक सहितको एउटै नामावली प्रकाशित गरिनेछ र सो को जानकारी भर्नाको प्रयोजनका लागि सम्बन्धित क्याम्पसहरुमा पठाईनेछ । यसरी योग्यताक्रम (Merit List) प्रकाशित गर्दा प्रवेश परीक्षामा बराबर अंक ल्याउने विद्यार्थीहरुको योग्यताक्रम (Merit List) निम्नानुसार निर्धारण गरिने छ ।

क) प्रवेश परीक्षाको विषयगत (Subjective) उत्तरपुस्तिकामा हासिल गरेको प्राप्ताङ्क

ख) स्नातक तहमा विधिशास्त्र विषयको प्राप्ताङ्क

ग) स्नातक तहमा प्राप्त कुल प्राप्ताङ्कको प्रतिशत वा CGPA

घ) त्रि.वि.बाट कानून स्नातक तह उत्तिर्ण भएका परीक्षार्थी

१९) प्रवेश परीक्षाको नतिजामा योग्यताक्रम (Merit List) मा रहेका परीक्षार्थीहरुले मात्र आफूले अध्ययन गर्न चाहेको क्याम्पसमा अध्ययन गर्न चाहेको कार्यक्रममा तोकिएको मिति र समय भित्र निवेदन दिनु पर्नेछ । सम्बन्धित क्याम्पसले



सहायक डीन कानून संकाय त्रिभुवन विश्वविद्यालय

तोकिएको मिति र समय सम्म आवेदन दिने सम्पूर्ण आवेदकहरुको नामावली प्रकाशित गरी सोको जानकारी भर्ना अगाडि नै तत्काल कानून संकाय, डिनको कार्यालय,बल्खुलाई उपलब्ध गराउनु पर्नेछ ।

२०) सम्बन्धित क्याम्पसहरुले आफूले भर्ना गरेका सम्पूर्ण विद्यार्थीहरुको विवरण भर्ना प्रक्रिया पूरा भएको मितिले १५ दिनभित्र डीन कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।

२१) क्याम्पसले नियमानुसार भर्ना नगरेको कुराको उजुरी वा जानकारी डीन कार्यालयलाई प्राप्त हुन आएमा छानबीन गर्ने अधिकार डीन कार्यालयलाई हुनेछ । छानबिनबाट नियम विपरित भर्ना भए गरेको पुष्टी भएमा त्यस्तो भर्ना स्वतः रद्द हुनेछ । यसरी भर्ना रद्द भई रिक्त हुन आएको स्थानमा नियमानुसार भर्नाका लागि डीन कार्यालयले निर्देशन दिनेछ । भर्ना रद्द हुने विद्यार्थीले बुझाएको सम्पूर्ण शुल्क सम्वन्धित क्याम्पसले अविलम्व फिर्ता गर्नु पर्नेछ ।

२२) प्रवेश परीक्षा सम्बन्धी कुनै पनि विषयमा निर्णय लिनु परेमा परीक्षा समितिको निर्णय अन्तिम हुनेछ ।

२३) नेपाल सरकार शिक्षा मन्त्रालयद्वारा वितरण हुने छात्रवृत्तिको प्रयोजनका लागि गरिने छनौटमा समेत यसै प्रवेश परीक्षाको नतिजालाई आधार मानिनेछ ।

२४) प्रवेश परीक्षा तथा भर्ना सम्वन्धी अन्य विस्तृत जानकारी यस संकाय एवं सम्बन्धित क्याम्पसहरुबाट प्राप्त गर्न सकिनेछ।

२५) परीक्षार्थीहरुले Online आवेदन फाराम भर्नुपूर्व यो सूचना तथा आवेदन फाराममा निर्देशित गरिएका निर्देशनहरु ध्यानपूर्वक अध्ययन गरेर मात्र फाराम भर्नु पर्नेछ ।

## परीक्षार्थीहरुले परीक्षा दिँदा अनिवार्य रुपमा पालना गर्नु पर्ने कुराहरु :

- परीक्षार्थीले परीक्षा अवधिभर आफ्नो प्रवेश पत्र अनिवार्य रुपमा आफनो साथमा राख्नु पर्नेछ । प्रवेश पत्र विना परीक्षार्थीलाई परीक्षामा बस्न दिइने छैन ।
- परीक्षा शुरु भएको आधा घण्टा पछि कुनै पनि परीक्षार्थीलाई परीक्षा हलमा प्रवेश गर्न दिइने छैन । साथै परीक्षा प्रारम्भ भएको एक घण्टा अगावै परीक्षार्थीले परीक्षा भवन छाड्न पाइने छैन ।
- परीक्षार्थीले तोकिएको सिटप्लान अनुसार निर्धारित स्थानमा बसी परीक्षा दिनु पर्नेछ । केन्द्राध्यक्ष वा निरीक्षकको अनुमति विना आफ्नो सिट स्वेच्छाले हेरफेर गर्न पाइने छैन ।
- परीक्षार्थीले परीक्षा भवनमा निषेधित बस्तुहरु (Mobile Phone, Calculator, Blutooth, I-Pad, Tablet PC, Earphones, Smart Watch) जस्ता कुनै पनि Electronic / Digital उपकरणहरु ल्याउन पाउने छैन, यदि साथमा राखेको पाइएमा वा परीक्षा सञ्चालन कार्यमा खटिएका कुनै पनि व्यक्तिहरु उपर परीक्षार्थीले अभद्र व्यवहार गरेमा केन्द्राध्यक्षले त्यस्ता परीक्षार्थी उपर कारवाही गर्नुका साथै परीक्षा हलबाट तुरुन्त निष्काशन गर्न सक्नेछन् ।
- सरुवा रोगी, अस्वस्थ वा अपाङ्गता भएका परीक्षार्थीले परीक्षा प्रारम्भ हुनु भन्दा एक घण्टा अगावै आफ्नो वास्तविक परिस्थिति बारे केन्द्राध्यक्षलाई लिखित जानकारी गराउनुपर्नेछ ।
- दृष्टिविहिन वा हातले लेख्न नसक्ने परीक्षार्थीले लेख्ने काममा सहयोगी राख्न पाऊँ भनी **त्रि.वि. कानून संकाय डीनको कार्यालयमा परीक्षा संचालन हुने मिति भन्दा ३ दिन अगाबै अर्थात प्रवेश पत्र प्राप्त गर्ने मितिको भोलिपल्ट** आवश्यक परीक्षार्थीले प्रवेश पत्र तथा नेपाली नागरिकताको फोटोकपी, हालसालै खिचिएको प्रवेश पत्रसंग मिल्ने पासपोट साइजको

सहायक डीन
कानून संकाय
त्रिभुवन विश्वविद्यालय

३ प्रति फोटो र लेखन सहयोगी राख्ने व्यक्तिको नागरिकता तथा हालसालै अध्ययन गरी रहेको परिचय पत्र, नागरिकता र हालसालै खिचिएको फोटो ३ प्रति समेतको कागजात राखी निवेदन पेश गर्नु पर्नेछ । निवेदन पत्र दिदा कानून विषय बाहेक अन्य विषयमा परीक्षा दिने तहभन्दा एक तह मुनिको व्यक्ति मात्र लेखन सहयोगीको लागि योग्य हुन सक्नेछ । लेखन सहयोगीको लागि डीन कार्यालयले दिएको अनुमति पत्र परीक्षा हुने क्याम्पसको केन्द्राध्यक्षलाई परीक्षा हुने समय भन्दा १ घण्टा अगाडी पेश गर्नुपर्नेछ ।

- उत्तरपुस्तिकामा सिम्बोल नं. उल्लेख नगरी खाली छाडेमा त्यस्ता परीक्षार्थीको उत्तरपुस्तिका रद्द हुनेछ ।
- परीक्षार्थीहरुले उत्तरपुस्तिकामा कालो मसी बाहेक आंशिक वा पुरा रुपमा अन्य रङ्को मसी वा सिसाकलम प्रयोग गरेमा, कुनै संकेत उल्लेख गरेमा तथा बस्तुगत प्रश्नको उत्तरपुस्तिकामा तोकिएको बक्समा तोकिएको रेजा चिन्ह बाहेक अन्य चिन्ह प्रयोग भएको वा पोतिएको पाईएमा पुरै उत्तरपुस्तिका परीक्षण गरिने छैन ।

२६) Online आवेदन फाराम भर्दा कुनै समस्या आएमा यस संकायको संचालनमा रहेका मोवाइल नम्बरहरु ९७०१४३१३४३ ९७६७६५६३५४, ९७६७६५६३५५, ९७६७६५६३५६, ९७६७६५६३५८ मा कार्यालय समय भित्र सर्म्पक गर्न सकिनेछ ।

२७) यो सूचना कानून संकायको वेवसाइट www.fol.edu.np मा हेर्न सकिनेछ ।

मितिः २०८२/०७/१३

(उप-प्रा.डा.नेवल चौधरी)

सहायक डीन